गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन-०९१:४१८०५९, ४१८०६०
वेबसाइट:www.gaurigangamun.gov.np
ई मेल: info.gaurigangamun@gmail.com

पत्र सङ्ख्या: ०८०/०८१
चलानी नं.:

## कर संकलन ठेक्का सम्बन्धी सूचना ।

दोस्रो पटक सूचना प्रकाशन मिति : २०८१/०८/०९

यस गौरीगङ्गा नगरपालिका अन्तर्गत निम्न लिखित विषयमा आर्थिक बर्ष २०८१/०८२ को आन्तरिक राजश्व व्यवस्थापन गर्न स्थानिय सरकार संचालन ऐन,२०७४ अनुसार नगरपालिकाको वित्तिय अधिकार अन्तर्गत कर असुलीको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म धनीहरुले तपसिल बमोजिमको सेवा सर्तको अधिनमा रही सार्वजनिक खर्द ऐन,२०६३ सार्वजनिक खरिद नियमावली २०६४ र गौरीगङ्गा नगरपालिका आन्तरिक आय सङ्कलन ठेक्का कार्यविधि २०८० समेतका आधारमा ७ दिने कर सङ्कलन ठेक्का सम्मन्धी सुचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क.स | दरभाउपत्र नं. | कार्य विवरण | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | GGM/R01/2081/082 | कवाडी कर | रु १३,०५,०००/- | १०००/- | कबोल अंकको ५% प्रतिशत | |
| २ | GGM/R02/2081/082 | विज्ञापन कर | रु १,५०,०००/- | | | |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१) ठेक्का अवधि सम्झौता भएको मिति देखी बढीमा ३ आर्थिक बर्ष सम्म हुने छ । प्रत्येक दोस्रो र तेस्रो बर्ष कबोलदाताले कबोल गरेको कबोल अंकमा न्यूनतम १० प्रतिशतले बृद्धि हुने गरी प्रत्येक बर्ष अनिवार्य रुपमा जेष्ठ मसान्त भित्र आगामी आर्थिक बर्षको कबोल रकमको ५० प्रतिशत नगद जम्मा गरेको बैंक भौचर र बाँकी रकम बरावर नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त 'क' बर्गको वाणिज्य बैंकवाट १३ महिना समयावधिको बैंक जमानत सहित सम्झौता नविकरण गरिने छ ।

२) पहिलो बर्ष सम्झौता गर्दा पहिलो बर्षको कबोल रकमको ५० प्रतिशत रकम नगद जम्मा गर्नुपर्ने छ । बाँकी रकम बरावर नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त 'क' बर्गको वाणिज्य बैंकवाट सम्झौता अवधि समाप्त हुनु भन्दा १ महिना बढी समयावधि भएको बैंक जमानत सहित सम्झौता गरिने छ ।

३) कबोल रकम अंक र अक्षरमा प्रष्ट गरी लेखिएको हुनुपर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

४) प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत रकम छुट दिन सकिने छ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागि छुट दिईने छैन ।

५) दरभाउपत्र खरिद गर्दा यस नियमानुसार लाग्ने दस्तुर बाफतको रकम यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक चौमाला शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०७१२०५००२८०६२००२ मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नु पर्ने छ ।

६) ठेक्का लिन ईच्छुक नेपाली नागरिकले आफुले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी राखुपर्ने छ । धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक चौमाला शाखामा रहेको धरौटी खाता नं. 071CA500982524004 मा जम्मा गर्नु पर्ने छ ।

७) दरभाउपत्र फारामा यस कार्यालयको राजश्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

८) ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ७ औ दिनमा कार्यालय समय भित्र खरिद गरी ८ औ दिन दिउँसो १२ बजे भित्र कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्ने छ । प्राप्त दरभाउपत्रहरु सोही दिनको १ बजे गौरीगङ्गा नगरपालिकाको कार्यालयमा दरभाउपत्रदाताको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

९) ठेक्कामा कुनै विवाद उत्पन्न भएमा गौरीगङ्गा नगरपालिकाको निर्णय अन्तिम हुने छ ।

**बोलपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१) नेपाली नागरिकताको प्रतिलिपि
२) फर्म दर्ता तथा नविकरण गरेको प्रमाण पत्र
३) पान नं तथा भ्याटमा दर्ता भएको प्रमाण पत्र
४) कर चुक्ताको कागजात

२०८१/०८/०९

धर्मराज विनाडी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner